फोन न.०५६-४१३१३५
Email : Kalikanagarpalika@gmail.cor
Website : www. Kalikamunchitwan.gov.

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रत्ननगर, चितवन
३ नं.प्रदेश, नेपाल

प.स. : ०७८/७९
च.न. : ३३५

मितिः २०७८।०५।२७

विषयः विद्यार्थीको भौतिक उपस्थितिमा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्ने सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु
कालिका नगरपालिका , चितवन ।

प्रस्तुत विषयमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीका कारण २०७७ चैत्र महिना देखि विद्यालयहरुमा विद्यार्थीको प्रत्यक्ष उपस्थितिमा शिक्षण सिकाइ क्रियाकलापहरु संचालन हुन नसकेको अवस्था सर्व विदितै छ । वर्तमान अवस्थामा कोरोना भाइरस ( कोभिड १९) को प्रभाव न्यून हुँदै गइरहेको र व्यक्तिगत, सामाजिक तथा आर्थिक गतिविधिहरु नियमित रुपमा संचालन भइरहेको सन्दर्भमा कालिका नगरपालिका नगर कार्यपालिकाको मिति २०७८ असोज २६ गतेको निर्णय अनुसार २०७८ असोज १ गतेबाट तपसील बमोजिमका शर्तहरुको पालना गरी विद्यालयहरुले विद्यार्थीहरुको भौतिक उपस्थितिमा शिक्षण सिकाइ क्रियाकलापहरु संचालन गर्नु गराउन हुन अनुरोध गरिन्छ ।

तपसीलः

क) विद्यालय परिसरको पूर्ण रुपमा सर सफाइ गर्नु पर्ने छ ।
ख) विद्यालयका हरेक गतिविधि संचालन गर्दा नेपाल सरकारबाट स्वीकृत गरिएको स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।
ग) प्रत्येक कक्षामा बढीमा २५ जना सम्म विद्यार्थी प्रति बेन्च बढीमा २ जना सम्म बस्ने गरी बसाइ व्यवस्थापन मिलाउनु पर्ने छ ।
घ) विद्यालयमा रहेको कक्षा कोठा संख्या, फर्निचरको अवस्था, शिक्षक संख्या र विद्यार्थी संख्यालाई आधार मानी शिक्षण सिकाइ कार्य योजना निर्माण गरी सम्बन्धित वडाका वडाध्यक्षको समन्वयमा विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्नु गराउनु पर्ने छ र उक्त कार्ययोजनाको एक प्रति कालिका नगरपालिका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्ने छ ।
ङ) शिक्षण सिकाई कार्य योजना निर्माण गर्दा कक्षागत विद्यार्थी संख्या २५ जना भन्दा बढी भएका कक्षाहरुको लागि आलोपालो वा सिफ्ट प्रणाली अवलम्बन गर्नु पर्ने छ ।
च) विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिमा शिक्षण सिकाई क्रियाकलाप संचालन सम्बन्धमा केही थप जिज्ञासा भए कालिका नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुहोला ।

..................
(उप-सचिव)
नारायण प्रसाद वाग्ले
उप-सचिव

बोधार्थः
श्री सबै वडा अध्यक्ष ज्यूहरु, कालिका नगरपालिका चितवन । (आवश्यक सहजीकरणको लागि अनुरोध छ ।)